आज मिति २०७६।०९।१४ गते सोमवारका दिन यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण वहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा तपशिलका प्रस्ताव माथि छलफल गरी देहाय वमोजिमको निर्णय गरियो ।

| क्र.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री कर्ण वहादुर मगर | |
| २ | उपाध्यक्ष | श्री पदममाया तामाङ | |
| ३ | प्रमुख प्रशासकिय अधिकृत | श्री विष्णु प्रसाद सुवेदी | |
| ४ | कार्यपालिका सदस्य | श्री गोबिन्द बहादुर राउत | |
| ५ | कार्यपालिका सदस्य | श्री हेम बहादुर श्रेष्ठ | |
| ६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर स्याङ्तान | |
| ७ | कार्यपालिका सदस्य | श्री खड्ग बहादुर भुजेल | |
| ८ | कार्यपालिका सदस्य | श्री दिनेश कुमार रमौली | |
| ९ | कार्यपालिका सदस्य | श्री बिर वहादुर पुलामी | |
| १० | कार्यपालिका सदस्य | श्री कोमल बहादुर खपाङ्गी | |
| ११ | कार्यपालिका सदस्य | श्री रेखराज अधिकारी | |
| १२ | कार्यपालिका सदस्य | श्री शेर बहादुर मगर | |
| १३ | कार्यपालिका सदस्य | श्री पुण्यहरी भुजेल | |
| १४ | कार्यपालिका सदस्य | श्री हितलाल श्रेष्ठ | |
| १५ | कार्यपालिका सदस्य | श्री जगदिश्वर तोलाङ्गी | |
| १६ | कार्यपालिका सदस्य | श्री दुध कुमारी ठकुरी | दुधा |
| १७ | कार्यपालिका सदस्य | श्री देवमाया श्रेष्ठ | देवमाया |
| १८ | कार्यपालिका सदस्य | श्री टेक बहादुर परियार | |
| १९ | कार्यपालिका सदस्य | श्री भगवति श्रेष्ठ | |
| २० | कार्यपालिका सदस्य | श्री गीतामाया ~~श्रेष्ठ~~ थापा | |

सहायक कर्मचारी :- सुरेश कुमार बराल

सहयोगी कर्मचारी :- चान्द्रिका थापा

प्रस्तावहरु :-

१ शिक्षक सम्वन्धि आवश्यक निर्णय गर्ने सम्वन्धमा ।

२ कृषक समुह दर्ता कार्यविधि सम्वन्धमा ।

३ ट्रिलर वितरण गर्ने, भकारो सुधार र साना सिचाई सम्वन्धमा ।

४ खर्च मापदण्ड सम्वन्धि कार्यविधि सम्वन्धमा ।

५ DPR तयार गर्ने सम्वन्धमा ।

६ विभिन्न समिति गठन सम्वन्धमा ।

७ समपूरक र विशेष योजना छनौट गर्ने सम्वन्धमा ।

७को १ समपुरक

७१ क) जिर्गाहा चकमके सडक तथा चकमके आम्बोटे थानिथान सडक निर्माण ।

७१ को (ख) गाउँपालिकाको प्रशासकीय भवन निर्माण निरन्तरता ।

७१ (ग) सिचाई आयोजना सम्वन्धमा ।

७२ विशेष अनुदान

७२ को -क) लाम्पनटार बहुमुखि क्याम्पस प्रशासनीक भवन निर्माण निरन्तरता ।

७२ को (ख) जेष्ठनागरिक तथा उपाध्यक्ष उद्यमशिलता कार्याक्रम ।

८ घ वर्गको निर्माण व्यवसाय दर्ता सम्वन्धमा ।

९ वडा न १ को भवन निर्माण सम्वन्धमा ।

१० गाउ प्रहरी नियमावलि सम्वन्धमा ।

११ ब्याक लोडर संचालन सम्वन्धमा ।

१२ क्षतिपर्ति सम्वन्धमा ।

१३ रकम माग गर्ने सम्वन्धमा ।

उपाध्यक्ष

कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष

पदममायाँ तामाङ
उपाध्यक्ष

तीनपाटन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...टार, सिन्धुली
३ नं. प्रदेश, नेपाल
२०७३

१४. उपभोक्ता समिति दर्ता गर्ने सम्वन्धमा ।

प्रस्ताव न. १ माथि छलफल गर्दा तीनपाटन गाउँपलिकाले विज्ञापन गरी पक्रियागत रुपमा नियुक्ति भएका शिक्षकहरु शिक्षक सेवा आयोगवाट सिफारिस भइ आएका शिक्षकहरुलाई पदस्थापन गर्ने क्रममा विस्थापित भएकाले सो विस्थापित शिक्षकहरुलाई एकपटकको लागि स्वीकृत गर्ने भन्ने विषयमा यस तीनपाटन गाउपालिका शिक्षा समितिको मिति २०७६।०९।०९ गरेको निर्णयको मापदण्ड आधार तयार गरी कार्यान्वयन गर्ने भन्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा कृषक समुह दर्ता कार्यविधि पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव न ३ माथि छलफल गर्दा कृषि विकास शाखाको आ.व. २०७६/०७७ दोस्रो चौमासिक को सघन कार्यक्रम अन्तगर्त मिनि ट्रिलरको सट्टा पावर ट्रिलर वडा समितिको सिफारीसमा उत्कृष्ट कृषकलाई प्रदान गर्ने तथाभकारो सुधार कार्यक्रमहरु कार्यविधि वमोजिम कार्यान्वयन गर्ने,साना सिंचाई सम्वन्धित कार्यक्रमको सुचना प्रकाशन गर्ने र तीनपाटन गाउँपालिका वडा न ४,५,१०,११ को नक्सा भेगहरुको माटो परिक्षण गर्ने निर्णय गरियो ।

प्रस्ताव न. ४ माथि छलफल गर्दा यस गाउपालिकाकार्यालय वाट निर्माण गरिएको "तीनपाटन गाउँपालिकाको खर्च सम्वन्धि मापदण्ड, २०७६" तत्काल लागु गर्ने निर्णय गरियो

प्रस्ताव न. ५ माथि छलफल गर्दा देहाय वमोजिमका योजनाहरुको DPR तयार गर्ने भन्ने निर्णय गरियो ।

१ जराबोटार, मझुवा, भालुखोला पक्कि पुल

२ बाइटार, राडाङ, भालुखोला पक्कि पुल

३. तीनपाटन गाउपालिका धापचौंकी देखि दमार चौकी सम्म महाभारत जडिबुटि अनुसन्धान

४. लाम्पन्टार सुन्दरफाँट, चकमके व्यवस्थित सफा सहर विकास गुरुयोजना

पदममायाँ तामाङ
उपाध्यक्ष

कर्ण बहादुर नगर
गाउँपालिका अध्यक्ष

पद्ममायाँ तामाङ
उपाध्यक्ष

५. सेति पैरे चकमके बजार तटवन्धन

६. गुरासे थुम्का महाकाली मंदिर पर्यटकिय स्थलको DPR

प्रस्ताव न ६ माथि छलफल गर्दा देहाय वमोजिमको विभिन्न समिति गठन गर्ने भन्ने निर्णय गरियो

१. परीक्षा समिति गठन

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| विषय विज्ञ | सदस्य |
| सम्वन्धित शाखा प्रमुख | सदस्य सचिव |

२. घरभाडा मूल्याङ्कन समिति गठन

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| इन्जिनियर | सदस्य |
| जिन्सि शाखा प्रमुख | सदस्य सचिव |

३.योजना जाचपाँस तथा फरक-फारक समिति गठन

| | |
|---|---|
| अध्यक्ष, तीनपाटन गाउपालिको कार्यालय | अध्यक्ष |
| उपाध्यक्ष, तीनपाटन गाउपालिकाको कार्यालय | सदस्य |
| इन्जिनियर | सदस्य |

पद्ममायाँ तामाङ
उपाध्यक्ष

कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष

पदममायाँ तामाङ
उपाध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत — सदस्य

योजना अनुगमन अधिकृत — सदस्य सचिव

तीनपाटन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय लम्पनटार, सिन्धुली ३ नं. प्रदेश, नेपाल २०७३

प्रस्ताव नं.७ माथी छलफल गर्दा देहाय बमोजिमको समपुरक योजना तथा विशेष योजना छनौट गर्ने निर्णय गरियो ।

❖समपुरक

१. तीनपाटन गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्य नियमित गर्ने ।
२. जिर्घाहा, चकमके मोटरबाटो निर्माण वडा नं. ३,२,५,१०,११
३. आम्बोटे, थानिथान सडक वडा नं. ११, ९ ।
४. चिसापानी, डकाहा, चकमके, बाहुनतिल्पुङ, नवलपुर सडक
५. भालुखोला, सुन्दरफाँट, लाम्पनटार क्याम्पस, माथिल्लो बजार सम्म वडा नं. ११ मोटरबाटो निर्माण ।
६. भीमस्थान, बेलघारी, लंगुरदोभान, ढुङ्ग्रेफेदी सडक वडा नं. १,५
७. साठिमुरे वडा कार्यालय,वाङरिङ, वडा कार्यालय सडक वडा नं. १०
८. पुल्चोक लायोगाउँ दमार सडक वडा नं. ८
९. ढाडेबेसी, बतासे,खोरभञ्ज्याङ सडक वडा नं. ९
१०. कालिमाटी, धन्सार, मध्यपहाडी सडक वडा नं. ७
११. चकमके, सान्धाने, गैरिखानी,हर्राभञ्ज्याङ, धापचौकी सडक वडा नं. ११,४,६
१२. महभिरफेदी, नागभञ्ज्याङ, कात्तिके, जोगिडाडा, सिचाई योजना वडा नं. ८
१३. जिर्गाहा कोटगाउँ सिचाई.वडा नं. ३
१४. चौतारा कत्लेशिखर सिचाई वडा नं. २
१५. सेतिपहिरो चकमके बजार तटबन्धन,वडा नं. ११
१६. रुचानी छरछरे वराइखोला, भुगा, सडक वडा नं. १

पदममायाँ तामाङ
उपाध्यक्ष

कर्ण बहादुर मगर
गाउँपालीका अध्यक्ष

पदममायाँ तामाङ
उपाध्यक्ष

## विशेष योजना

१. ढुङ्ग्रेगढी,संरक्षण वडा नं. १०
२. स्वास्थ्य क्लिनिक भवन वडा नं. ५
३. लाम्पनटार बहुमुखि क्याम्पस प्रशासनीक भवन निर्माण वडा नं. ११
४. जाम्बवती,भगवती गुफा संरक्षण तथा संम्बर्धन वडा नं. ९
५.जेष्ठनागरिक तथा उपाध्यक्ष उद्यमशिलता कार्यक्रम ।
६.व्यवसायिक फलफुल खेती परियोजना वडा नं. १ छरछरे ।

प्रस्ताव नं. ७ को १. (क) माथी छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको आ.व.२०७६/०७७ को गाउँ सभाबाट जिर्गाहा चकमके सडक निर्माणका लागि समपुरक कोष अन्तर्गत यस कार्यालयबाट रकम रु १,५०,००,०००।- (एक करोड पचासलाख) बेहोरिने र उक्त सडकको डि.पि.आर. समेत सम्पन्न भएकोले प्राविधिक स्टिमेट बमोजिमको रकमको व्यबस्थाहुनका लागि नेपाल सरकार राष्ट्रिय योजना आयोगमा माग गरी पठाउने, निर्णय गरियो साथै चकमके, आम्बोटे, थानिथान सम्मको मोटरबाटो निर्माणका लागि यस कार्यालयबाट रु ५०,००,०००।- (पचास लाख) मात्र व्यहोरिने भएकोले आवश्यक रकमको व्यबस्था मिलाईदिनहुनका लागि नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाण्डौमा अनुरोधगरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. ७. के १ (ख) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको आफ्नै प्रशासनीक भवन नभई दैनिक प्रशासनिक कार्य सुचारु गर्नका लगि समस्या भएकोले यस गाउँपालिकाको आ.व. ०७६/०७७ को गाउँ सभाबाट रु २,००,००,०००।- (दुई करोड) भवन निर्माणका लागि स्वीकृत भएको र नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाण्डौंबाट समपुरक अनुदान मार्फत रु २,५०,००,०००।- (दूइकरोड पचास लाख) मात्र तीन वर्षमा खर्चगर्ने गरी स्वीकृत भएको तर यस आ.व.मा रु ६७,००,०००।- ( सतसठ्ठी लाख) मात्र खर्चहुने भएकोले उक्त भवन निर्माण कार्य सम्पन्न नहुने भएकोले सो प्रशासनीक भवन निर्माण कार्यमा निरन्तरता दिनका लागि नेपाल सरकार राष्ट्रिय योजना आयोग लाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

पदममायाँ तामाङ
उपाध्यक्ष

कर्ण बहादुर नगर
गाउँपालीका अध्यक्ष

पदममायाँ तामाङ
उपाध्यक्ष

प्रस्ताव नं. ७. १ को (ग) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका अन्तरगत वडा नं. ८ मा संचालित महभिरफेदी नागभञ्ज्याङ कातिके जोगिडाडा सिचाई आयोजना अति विकट क्षेत्रभई संचालन गर्न अति कठिन भएको र उक्त आयोजनाको लागि गाउँपालिका र वडा कार्यालय समेतले गरी समपुरकमा रु ७,००,०००।- (सातलाख) वेहोरिने भएको हुँदा उक्त आयोजना संचानका लागि आबश्यक व्यबस्था मिलाईदिनहुन नेपाल सरकार राष्ट्रिय योजना आयोगमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं.७ को २ (क) माथि छलफल गर्दा लाम्पनटार बहुमुखि क्याम्पसको प्रशासकीय भवन निर्माण गर्न आ.व.०७६/०७७ को विशेष अनुदान मार्फत नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाण्डौंबाट रु ५४,४७,१००।- (चौवन्न लाख सत्चालिस हजार एकसय) मात्र रकम विनियोजन भएको र सो भवन सम्पन्न गर्न आ.व. ०७७/०७८ को विशेष अनुदान कार्यक्रम रकम पुन : थप गर्न नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाण्डौंमा मागको लागि अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.७ को २ (ख) माथि छलफल गर्दा यस गाउँपालिकामा जेष्ठनागरिक तथा उपाध्यक्ष उद्यमशिलता कार्याक्रम संचालन गरी आत्मा निर्भर गराउनका लागि आ.व. ०७७/०७८ को विशेष अनुदान रकमबाट रकम विनियोजित गरी दिनहुन नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाण्डौंमा माग गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं.७ को २ (ग) माथि छलफल गर्दा यस गाउपालिकाको दुर्गम वडा नं. ५ को लंगुरखोलामा दलित पिछाडिएका जनजातीहरुको बसोबास भएको स्थानमा स्वास्थय सम्बन्धि खोप,बालमृत्युदर, झाडापाखाला लगायत सम्पुर्ण प्राथमिक उपचारका लागि स्वास्थय भवन निर्माण गर्न नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाण्डौंमा माग गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव न ८ माथि छलफल गर्दायस तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७५।०५।२४ को वैठकवाट स्वीकृत गाउपालिका 'घ' वर्गको निर्माण व्यावसायी इजाजत

पदममायाँ तामाङ
उपाध्यक्ष

[illegible] बहादुर मगर
[illegible] अध्यक्ष

म्बन्धी कार्यविधि २०७५ को दफा (२) को उपदफा (१) अनुसार राजु कस्ट्रक्सन तिनपाटन-११ सिन्धुलिवाट इजाजत पत्र प्राप्तिको लागि कार्यविधिको अनुसुचि (५) अनुसार आवश्यक कागजात सहित निवेदन पेश हुन आएकोले कार्यविधिको दफा (२) को उपदफा (३) अनुसार राजु कस्ट्रक्सन तिनपाटन-११ सिन्धुलिलाई "घ" वर्गको निर्माण व्यवसायि इजाजत पत्र दिने निर्णय गरियो ।

प्रस्ताव न ९ माथि छलफल गर्दा साविकको Estimater दररेट वमोजिम काम गर्न सकार गरेमा साविककै निर्माण व्यवसायि वाट कार्य गर्न लगाउने अन्यथा नयाँ Estimate गरी Tender वाट काम सम्पन्न गर्ने निर्णय गरियी ।

प्रस्ताव न. १० माथि छलफल गर्दा तीनपाटन गाउ प्रहरी नियमावलि कार्यान्वयन गर्ने निर्णय ।

प्रस्ताव न. ११ माथि छलफल गर्दा गाउपालिकाको व्याक हो लोडर गाउपालिकाको कार्यालय मातहत राखि लगवुक नियमित गर्ने यस अधि उठन वाँकि रहेको हिसाव किताव पेश गर्न लगाउने निर्णय गरियो ।

प्रस्ताव न १२ माथि छलफल गर्दा गाउँपालिकाको घडेरी निर्माणका क्रममा क्षति भएको धानवालि को क्षतिको विवरण एकिन गरी विपद्र व्यवस्थापन कोष वाट क्षतिपर्ति दिने निर्णय गरियो ।

प्रस्ताव न. १३ माथि छलफल गर्दा तीनपाटन रिङरोड बेलघारी खण्ड मा काम गर्नको लागि मए भैसकेकाले सो आयोजना को लागि योजना आयोग मा जानकारी गराउने निर्णय गरियो ।

प्रस्ताव न १४ माथि छलफल गर्दा यस गाउँपालिकामा दर्ताका लागि पेश भएका विभिन्न उपभोक्ता समितिलाई नियमानसार दर्ता गरी कम सहभागिताको लागि आन्तरीक राजश्व कार्यालयमा सिफारीस गरी पठाउने निर्णय गरियो ।

पदममायाँ तामाङ
उपाध्यक्ष

कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष